# बागमती नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
**कर्मैया, सर्लाही**

(प्रथम पटक प्रकाशित मिति २०७५ भाद्र ३ गते)

**आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सुचना ।**

बागमती नगरपालिकाको आर्थिक ऐन २०७५ मा व्यबस्था भएको आ.व. २०७५।७६ को तपसिल बमोजिम आन्तरिक आय संकलन गर्न यो बोलपत्र आव्हान गरिएकोले इच्छुक, ब्यक्ति, फर्म वा कम्पनीले तोकिएको समय भित्र बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कर्मैया, सर्लाहीमा सिलबन्दी वोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| सि.नं. | आन्तरिक आयको किसिम | न्युनतम अंक रु. | वोलपत्र दस्तुर (पछि फिर्ता नहुनेगरी) |
|---|---|---|---|
| १. | सोल्टी बजार (सवै) सेवा शुल्क | ५,००,०००।०० (पाँच लाख) | रु.५००।०० |
| २ | ऐश्वर्य नगर बजार सेवा शुल्क | ५६,०००।०० (छपन्न हजार) | रु.३००।०० |
| ३. | ब्यवसाय कर ह्युम पाइप र सडक पुर्वाधार उपयोग सेवा शुल्क | ८१,००,०००।०० (एकासी लाख) | रु.३०००।०० |

**शर्तहरु :**

१. वोलपत्र खरिद गर्ने मिति, समय र स्थान : २०७५।५।३ देखि २०७५।५।१९ सम्म, कार्यालय समय भित्र, वागमती नगरपालिका नगरकार्यपालिको कार्यालय र वागमती नगरपालिकाको वडा कार्यालयहरु ।

२. वोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०७५।५।२० गते दिनको १२:०० बजे, वागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कर्मैया, सलाही ।

३. वोलपत्र खोल्ने मिति, समय र स्थान : २०७५।५।२० गते दिनको २:०० बजे वागमती नगरकार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही ।

४. बोलपत्र जमानत वापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने रकम बागमती नगरपालिकाको नाममा 'क' वर्गको वैंकको १२० दिन अवधिको बैक जमानत वा जमानत वापतको रकम नेपाल बैंक लि. हरिवन, शाखाको वागमती नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. १३२०३०००००००३०००००२ मा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्रसाथ संलग्न हुनु पर्नेछ ।

५. मूल्यांकन विधी : न्यूनतम रकम भन्दा माथि बढाबढ।

६. ठेक्का सम्बन्धी सामान्य शर्तहरु :

क) स्वीकृत कबोल अंक बरावरको यस नगरपालिकाको नाममा 'क' वर्गको वैंकको २ वर्ष अवधि भएको कार्यसम्पादन जमानत प्राप्त भएपछि वा कबोल अंक बराबरको रकम प्राप्त भए पछि मात्र सम्झौता गरी पट्टा प्रदान गरिने छ ।

ख) एकमुष्ट कबोल अंक बराबरको रकम सम्झौता गर्नु पूर्व बुझाएमा स्वीकृत कबोल अंकको १० (दश) प्रतिशतले हुने रकम छुट प्रदान गरिनेछ । तर किस्ताबन्दीमा रकम भूक्तानी गरेमा कुनै छुट दिईने छैन । किस्ताबन्दीमा रकम बुझाउंदा कवोल अंकको ४० प्रतिशत रकम सम्झौता गर्दाको बखत, दोस्रो किस्ता वापत ३० प्रतिशत रकम पौष मसान्तभित्र र बाँकी ३० प्रतिशत रकम चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ ।

ग) कुनै कारणबाट कबोल अंक बराबरको रकम नउठेमा बोलपत्र दातालाई कुनै छुट दिईने छैन ।

घ) प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर तथा अन्य शूल्क सम्बन्धित निकायमा बोलपत्र दाताले नै बुझाउनु पर्नेछ । स्वीकृत कवोल अंकबाट कट्टा गर्न पाइने छैन् ।

ङ.) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ असार मसान्तसम्म कायम रहने छ ।

च) वोलपत्र दाताले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ

छ) बोलपत्र स्वीकृत भएको मितिले बाटोको म्याद बाहेक ७ दिन भित्र बोलपत्र दाता सम्झौता गर्न नआएमा वा बुझाउनु पर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ ।

ज) यस सुचनामा उल्लेख नभएका विषयहरु यस नगरकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

झ) बोलपत्र सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत